बैठक संख्या: ९५ मिति २०६१।०६।१६
बिहान-६:००बजे

आज मिति २०६९।६।१६ गते बुधवारका दिन धरान उपमहा नगरपालिकाको कार्य संचालन समितिको बैठक बसी तपसिलको निर्णय गरियो।

उपस्थिति:

श्री टीकादत्त राई- कार्यकारी अधिकृत- धरान उपमहानगरपालिका-

आमन्त्रित

श्री- गणेशप्रसाद खतिवडा

श्री- खगेन्द्रप्रसाद खतिवडा

श्री- सुरज श्रेष्ठ

श्री रमेश शाह

श्री भेषराज अधिकारी

श्री राजु पोखरेल

श्री सुनील नेपाल

निर्णयहरु :-

निर्णय नं (१) सामाजिक परिक्षण प्रतिवेदन सम्बन्धमा: यहि मिति २०६९-कार्तिक २६ गते "विकासका लागि सहकार्य नेपाल धनकुटा संस्थाबाट पेश गरिएको आ.व. २०६०।६९ को यस कार्यालयबाट संचालित सामाजिक तथा भौतिक कार्यहरुको प्राप्त सामाजिक परिक्षण प्रतिवेदन माथि छलफल गरियो। प्रतिवेदनले दिएको सुझावहरुलाई कार्यान्वयन गर्नका लागि आगामी दिनमा यस कार्यालयबाट सामाजिक तथा भौतिक क्रियाकलाप तथा गतिविधिहरुमा अझ प्रभावकारिताका लागि सम्बन्धित निर्देशिकाका आधारमा कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. (२) दस्तुर रकम मिन्हा सम्बन्धमा:- प्रहरी महिला संघ द्वारा धरान-२३ मा स्थापना गर्ने लागिएको "अस्थाइ सुधार केन्द्र" लाई धरान २ निवासी मीरा हाडाले नीजको नाममा रहेको जग्गाबाट ०-०-१८-२ क्षेत्रफल जग्गा निशुल्क उपलब्ध गराउन लागनु भएको र उक्त जग्गाको घरबाटो प्रमाणित बापत लाग्ने शुल्क छुटको लागि अनुरोध गरी निवेदन पेश समेत गर्नु भएको हुंदा निशुल्क उपलब्ध हुने जग्गामा नेपाल प्रहरीबाट सुधार केन्द्र स्थापना गर्ने भएको हुंदा यस कार्यालयमा लाग्ने सिफारिस दस्तुर बापतको रकम छुट (मिन्हा) दिने निर्णय गरियो।

क्र.म.स-

निर्णय नं:(३) स्तर वृद्धि सम्बन्धमा: यस कार्यालयको भारी सवारी-चालक विनोद थापाले स्तर वृद्धि गरीपाउ भनी दिएको निवेदन सम्बन्धमा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२५ 'ग' मा भएको व्यवस्था अनुसार २०६१।०६।०८ गते देखि लागुहुने गरी भारी सवारी-चालक विनोद थापाको सहायक स्तर प्रथम तहको द्वितिय स्तरबाट तृतिय स्तरमा स्तरवृद्धि गर्ने निर्णय गरियो ।

निर्णय नं (४) रजिस्ट्रेशन शुल्क सम्बन्धमा: सुनसरी जिल्ला धरान उपमहानगरपालिका वडा नं २० बस्ने रत्न नारायण राइले आफ्नो नाउमा दर्ता रहेको साविक बाँकगरा ८'ख' कित्ता नं २४ को ३-११-१९३/४ जग्गा मध्येबाट ०-०-१० जग्गा धरान उप-महा नगरपालिका २० नं वडा बाल विकास केन्द्रलाई दिने भएकोले उक्त जग्गाको घरबाटो प्रमाणित सिफारिस निःशुल्क गर्ने र रजिस्ट्रेशन पास दस्तुर धरान उप-महा नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

आजको यो बैठक बिहान १०:०० बजे समापन गरियो । माइन्युटकर्ता भक्तिराज शर्मा सुचना अधिकृत